# पोखरा महानगरपालिका
# र
# गैरआवासीय नेपाली संघ (NRNA)
# बिच
# अत्याधुनिक सार्वजनिक शौचालय र चमेना गृह निर्माणका लागि गरिएको सम्झौतापत्र

दिनाङ्क : २०७९ पौष २०

नयाँ सडक, पोखरा

गण्डकी प्रदेश, कास्की, नेपाल

# पोखरा महानगरपालिका र गैरआवासीय नेपाली संघ (NRNA) का बिच अत्याधुनिक सार्वजनिक शौचालय र चमेना गृह निर्माणका लागि गरिएको द्विपक्षीय

## सम्झौतापत्र

पोखरा महानगरपालिका (यसपछि **"प्रथम पक्ष"** भनिएको) र बाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ४ मा कार्यालय रहेको गैरआवासीय नेपाली संघ (NRNA) (यस पछि **"दोस्रो पक्ष"** भनिएको) बिच प्रथम पक्षको हक, भोग र स्वामित्वमा रहेको पोखरा महानगरपालिका वडा नं. ९ स्थित महेन्द्रपुलको उत्तर तर्फ कि.नं. ८२ क्षे.फ ०-५-०-० जग्गामा पर्यटन पूर्वाधार विकास आयोजना संचालन गरी पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यबाट सेवा उपलब्ध गराउन **अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृह निर्माण** (यसपछि **"आयोजना"** भनिएको) गर्नका लागि प्रथम पक्षलाई बुँदा नं. २ को उपबुँदा २.२ मा उल्लेखित आर्थिक सहयोग गर्न दोस्रो पक्ष मञ्जुर भई मुलुकी देवानी संहिता, २०७४ र प्रचलित कानूनको अधिनमा रहि पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा बसी यो अत्याधुनिक सार्वजनिक शौचालय र चमेना गृह निर्माणका लागि गरिएको द्विपक्षीय सम्झौतापत्र (यसपछि **"सम्झौता"** भनिएको) तयार गरी एक-एक प्रति लियौं/दियौं ।

**प्रस्तावना :** प्रथम पक्षको गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ९ स्थित कि.नं. ८२ क्षे.फ ०-५-०-० जग्गा (यसपछि **"जग्गा"** भनिएको) मा पर्यटन प्रवर्द्धन तथा नागरिकको सुविधाका लागि सार्वजनिक शौचालयको आवश्यकतालाई महसुस गरी महानगरपालिकाले सो स्थानमा रहेका अति जीर्ण भवनहरुलाई विस्थापित गरी जनतालाई सर्वसुलभ तरीकाबाट सेवा प्रदान गर्ने उद्देश्य लिई अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण गर्नका लागि यस कार्यमा लगानीको खोजी गरिएकोमा उक्त अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण गर्न दोस्रो पक्षले ईच्छुक भई बुँदा नं. २ को उपबुँदा २.२ मा उल्लेखित आर्थिक सहयोग प्रथम पक्षलाई गर्नेछ ।

१. **दायित्व :** महानगरपालिकाले निर्माण गर्ने गरी तयार गरिएको नक्शा स्केच (Drawing Design) र पूर्ण अनुमान लागत Detail Estimate स्वीकृत गरी सोही बमोजिम अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण सम्पन्न पश्चात् पोखरा महानगरपालकिालाई हस्तान्तरण गर्ने गरी जग्गामा अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण गरी पर्यटन पूर्वाधार विकास आयोजना सम्पन्न गर्न पोखरा महानगरपालिकाले गैरआवासीय नेपाली संघलाई सहयोगका लागि अनुरोध गरेको थियो । प्रथम पक्षको च.नं २६४९, मिति २०७९ कात्तिक १ गतेको पत्र र दोश्रो पक्षको च.नं ०२१३/२१-२३ मिति २०७९ कात्तिक १५ गतेको पत्रको यो सम्झौतापत्रका मुल आधार हुन् । उक्त पत्रहरु यसै सम्झौताका अभिन्न अंगको रुपमा रहनेछन् । यो सम्झौता अन्तर्गत रही पक्षहरुको दायित्व निम्नानुसार हुनेछ:

   (१) प्रथम पक्षले प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report) तयार गरी दोस्रो पक्षबाट समेत उपलब्ध हुने आर्थिक सहयोगमा आयोजनाको कार्यान्वयन गर्नेछ ।

   (२) प्रथम पक्षले विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report) तयार गरेको आयोजनाको निर्माण र सञ्चालन गर्नका लागि दुवै पक्षद्वारा मञ्जुर गरिएको छ ।

२. **आयोजनाको लागत, निर्माण कार्यको समयावधि र सहयोग रकमः**

२.१ आयोजनाको लागत अनुमान रु. ९९,०३,३१६।१२ (अक्षरुपी उनान्सय लाख तीन हजार तीन सय सोह्र रुपैया र पैसा बाह्र) हुनेछ र प्रथम पक्षबाट स्वीकृत Drawing, Design, Estimate अनुसार लागत रकम थप हुन सक्नेछ ।

२.२ निर्माण कार्यको कार्यान्वयन प्रथम पक्षले नियमानुसार बोलपत्र आवह्वान गरि निर्माण व्यवसायीसँग सम्झौता भएको मितिले ३ (तिन) महिना भित्रमा सम्पन्न गर्नु पर्नेछ । तर तोकिएको कार्यहरु तोकिएको समय भन्दा पहिले नै सम्पन्न गर्न यो सम्झौतामा लेखिएका प्रावधानले बाधा पार्ने छैन ।

२.३ आयोजनाको निर्माण कार्यको लागि दोस्रो पक्षले रु.६०,००,०००/- (अक्षरुपी साठी लाख रुपैयाँ) बरावरको लागत व्यहोर्ने छ । बाँकी नपुग लागत प्रथम पक्षले थप गर्नु पर्नेछ । तर दोश्रो पक्षले थप रकम व्यहोर्न चाहेमा यो सम्झौताले बाधा पार्ने छैन ।

३. **आयोजना कार्यन्वयनका लागि प्रथम पक्षबाट गर्नुपर्ने कार्य विवरण :** आयोजना क्षेत्रमा प्रथम पक्षले अनुसूची १ मा उल्लेख गरे बमोजिमको निर्माण कार्य गर्न तोकिएको समयमा पुरा गर्नेछ ।

३.१ बोलपत्र सम्वन्धी सम्पूर्ण आवश्यक कागजातहरु तयार गरी बोलपत्र आह्ववानको सूचना नेपालको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

३.२ सम्झौता बमोजिम आयोजना क्षेत्रको प्रथम पक्षबाट स्वीकृत Drawing, Design/Estimate अनुसार अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण गर्नुपर्नेछ ।

३.३ अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नु पर्नेछ ।

३.४ अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण सम्पन्न गरी सकेपछि उपयुक्त ठाउँमा दोस्रो पक्षको प्रतिक चिन्ह सहितको झण्डा राख्न दिनुपर्नेछ । साथै दोस्रो पक्षको नाम उपयुक्त ठाउँमा शिलालेख गर्नु पर्नेछ।

३.५ अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण सम्पन्न गरी सकेपछि उक्त शौचालय र चमेनागृह प्रथम पक्षले संचालन गर्नेछ ।

३.६ अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण कार्यको प्राविधिक गुणस्तरको मापन तथा अनुगमन प्रथम पक्षले गर्नेछ ।

३.७ निर्माण सम्वन्धी कार्यको निर्माण व्यवसायीसँगको सम्झौता प्राबिधिक सुपरिबेक्षण मूल्यांकन लगायतका निर्माण सम्वन्धी कार्यहरु प्रथम पक्षले गर्नु पर्नेछ ।

४. **आयोजना कार्यन्वयनका लागि दोस्रो पक्षले गर्नुपर्ने कार्य विवरण :**

४.१ अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण कार्यका लागि लाग्ने रकम मध्ये रु.६०,००,०००/- (अक्षरुपी साठी लाख रुपैयाँ) प्रथम पक्षको बैंक खातामा उपलब्ध गराउनु पर्नेछ ।

४.२ अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण कार्यका लागि प्रथम किस्ता बापत उल्लिखित रकम मध्ये रु.१०,००,०००/- (अक्षरुपी दश लाख रुपैयाँ) रकम प्रथम पक्षको बैंक खातामा सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा उपलब्ध गराउनु पर्नेछ ।

४.३ अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण कार्यका लागि दोस्रो किस्ता बापत उल्लिखित रकम मध्ये रु.३०,००,०००/- (अक्षरुपी तीस लाख रुपैयाँ) रकम प्रथम पक्षको बैंक खातामा सम्झौता भएको मितिले ४५ (पैतालिस) दिन भित्रमा उपलब्ध गराउनु पर्नेछ ।

४.४ आयोजना निर्माण कार्यको बाँकी रकम रु.२०,००,०००/- (अक्षरुपी बिस लाख रुपैयाँ) बापत प्रथम पक्षले गरेको प्राबिधिक मूल्यांकन पश्चात पत्राचार पछि प्रथम पक्षको बैंक खातामा उपलब्ध गराउनु पर्नेछ ।

५. **आयोजना सञ्चालन :** प्रथम पक्षले निर्माण कार्य सम्पन्न भए पश्चात् उक्त आयोजनाको संचालन व्यवस्थापन गर्नेछ ।

६. **आयोजनाको प्राविधिक गुणस्तर :**

(क) आयोजनाको निर्माण गर्दा हुनुपर्ने प्राविधिक गुणस्तर मापन तोकिएको मापदण्ड बमोजिमको हुनेछ ।

७ **आयोजनाको अनुगमन प्रक्रिया सम्बन्धी व्यवस्था :** प्रथम पक्षले आफ्नो कामको अनुगमन तोकिए बमोजिम गर्नेछ । दोस्रो पक्षले आयोजनाको अनुगमन गर्दा प्रथम पक्षले सो को विवरण पेश गर्नु पर्नेछ । दोस्रो पक्षले बुँदा नं. ४ मा तोकिएको किस्ता रकम भुक्तानी गर्दा अनुगमन गर्नेछ ।

८. **सम्झौता अन्त्य हुने :** देहायको अवस्थामा लिखित सूचना दिएर यस सम्झौता अन्त्य गर्न सकिनेछ ।

(क) यस सम्झौता बमोजिम बुझाउनु पर्ने सहयोग रकम दोस्रो पक्षले समयमा दाखिला नगरेमा ।

(ख) दुवै पक्षको आपसी सहमतीमा सम्झौता अन्त्य गर्न सहमत भएमा ।

(ग) यस सम्झौताको विभिन्न दफाहरुमा उल्लेख भएका विषयहरु दोस्रो पक्षको तर्फबाट पालना नभएमा यो सम्झौता प्रथम पक्षले अन्त्य गर्न सक्नेछ ।

(घ) आयोजना अनुगमन गर्दा दोस्रो पक्षलाई प्रथम पक्षले माग गरिएको विवरण उपलब्ध नगराएमा दोस्रो पक्षले यो सम्झौता अन्त्य गर्न सक्नेछ ।

९. **सम्झौताको यथावत परिपालना :** सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा पक्षहरु बीच कुनै पनि विषय र व्यहोराको विवाद भएमा सो विवादको निरुपण गरी आपसी सहमतिमा गरिनेछ । आपसी सहमतिमा विवाद निरुपण नभएमा प्रचलित कानून बमोजिम विवाद निरुपण गरिनेछ ।

१०. **सूचना आदान प्रदान र सर्म्पक ठेगाना :**

एउटा पक्षले अर्को पक्षलाई सूचना आदान प्रदान गर्दा निम्न उल्लिखित ठेगानामा गर्नु पर्नेछ ।

| **प्रथम पक्ष** | पोखरा महानगरपालिका |
|---|---|
| ठेगाना | पोखरा महानगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>गण्डकी प्रदेश, कास्की, नेपाल |
| फोन. नं | ५७५३४०/५७५६४० |
| इमेल | info@pokharamun.gov.np, irc@pokharamun.gov.np |
| सम्पर्क व्यक्ति | प्रमुख प्रशासकीय अधिकृत |

| **दोस्रो पक्ष** | **गैरआवासीय नेपाली संघ** |
|---|---|
| ठेगाना | काठमाडौं महानगरपालिका वडा नं. ४, बालुवाटार, वागमती प्रदेश, काठमाडौ |
| फोन. न | ४४११५३०/४४२६००५ |
| इमेल | info@nrna.org |
| सर्म्पक व्यक्ति | **श्री** रविना थापा (कार्यकारी अध्यक्ष) |

११. **सहकार्य :** दुवै पक्षले उक्त आयोजना कार्यान्वयन गर्नको निमित्त सम्झौताका शर्त बमोजिम आ-आफ्नो अधिकार तथा दायित्वको पुरा गरी एक अर्कोलाई सहयोग र सहकार्य गर्नु पर्नेछ ।

१२. **स्मरणपत्र** : सम्झौता बमोजिमको काम नभएमा प्रथम पक्षले दोस्रो पक्षलाई स्मरणपत्र जारी गर्न सकिनेछ ।

१३. **सम्झौताको व्याख्या :** यस सम्झौताको व्याख्या एवं परिपालनाको सम्वन्धमा प्रचलित कानून र मुलुकी देवानी संहिता, २०७४ बमोजिम गरिनेछ ।

१४. **सम्झौताको हेरफेर, थपघट वा संशोधन सम्बन्धमा :** पक्षहरुको आपसी समझदारीमा यस सम्झौतामा हेरफेर, थपघट वा संशोधन वा पुरक सम्झौता गर्न सकिनेछ । यस सम्झौतामा आपसी समझदारीमा आवश्यकता र औचित्यको आधारमा गरिने कुनै हेरफेर, थपघट वा संशोधन वा पुरक सम्झौतासमेत यसै सम्झौताको अभिन्न अंग मानिनेछ ।

१५. यस सम्झौतापत्रको अर्थ र यसबाट पर्न सक्ने परिणाम समेत सुनी-बुझी सो बमोजिम गर्न दुवै पक्षको मन्जुरी छ । सम्झौतापत्रको विपरीत कुनै पनि पक्षबाट रुकावट खिचोला उजुर बाजुर गर्ने छैनौं । गरे यसै कागजले बदर गरिदिएमा मन्जुरी छ ।

उपरोक्त दफाहरु बमोजिमका शर्त पालना गर्न दुवै पक्ष मन्जुर भएको हुनाले यस सम्झौतापत्रमा निम्नानुसारका अख्तियार प्राप्त व्यक्तिहरुले सहीछाप गरि लियौं दियौं ।

| दोस्रो पक्षको तर्फबाट | पहिलो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत :- ................ | दस्तखत:- ................ |
| नाम थर:- श्री रविना थापा | नाम थर:- जितेन्द्रजंग के.सी |
| पद:- कार्यकारी अध्यक्ष | पद:- सहायक प्रमुख प्रशासकीय अधिकृत |
| ठेगाना:- गैर आवासीय नेपाली संघ काठमाडौं महानगरपालिका वडा नं. ४, बालुवाटार, वागमती प्रदेश, काठमाडौ | ठेगाना: पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा नं ८,नयाँ सडक,गण्डकी प्रदेश,पोखरा |

**रोहबर**

श्री धनराज आचार्य, प्रमुख, पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, न्यूरोड, कास्की..........१

**साक्षी**

श्री राधिका कुमारी शाही, वडा अध्यक्ष, वडा नं १७, पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, न्यूरोड,कास्की ..........१

श्री दिपेन्द्र मर्सानी, वडा अध्यक्ष, वडा नं ०९, पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, न्यूरोड,कास्की ..........१

श्री रवि किरण अधिकारी, प्रमुख कार्यकारी अधिकृत, गैरआवासीय नेपाली संघ..........१

श्री जय प्रकाश गुरुङ्ग, उपाध्यक्ष, गैरआवासीय नेपाली संघ..........१

इति संवत् २०७९ साल पौष महिना २० गते रोज ४ शुभम्

अनुसूची १
(दफा ३ संग सम्बन्धित)




**पोखरा महानगरपालिका**
गण्डकी प्रदेश